का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक २०६
❒ २५ भदौ २०७८, शुक्रबार
❒ 10 September 2021, Friday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/–

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढ्नका लागि QR कोड स्क्यान गर्नुहोला ।

सुमारको प्रष्टोक्ति

# एमसीसीबारे गलत हल्ला चलाइयो

चारदिने नेपाल भ्रमणमा आएकी अमेरिकी सहयोग नियोग मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) का उपाध्यक्ष फतिमा सुमारले नेपालमा हल्ला चलाइएको जस्तो इण्डो प्यासिफिक रणनीति अन्तर्गतको कार्यक्रम नभएको नेताहरुलाई बताएकी छन् ।



चारदिने नेपाल भ्रमणका क्रममा काठमाडौं आइपुगेका एमसिसीका उपाध्यक्ष फतिमा सुमार । तस्बिरः रत्न श्रेष्ठ

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २४ भदौ

नेपालमा विवादित बनेको अमेरिकी सहयोग नियोग मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसिसी) का उपाध्यक्ष फतिमा सुमार काठमाडौं आएकी छन् । चार दिने भ्रमणमा उनी बिहीबार काठमाडौं आइपुगेकी हुन् । एमसीसी सम्झौता भएका मुलुकहरुको भ्रमण गर्ने क्रममा सुमार कतार हुँदै काठमाडौं आएकी हुन् । उपाध्यक्ष सुमारसँगै नायब उपाध्यक्ष जोनाथन ब्रुक्स पनि काठमाडौं आएका छन् ।

काठमाडौं आएलगत्तै राजनीति भेटवार्ता शुरु गरेकी छन् । एमसीसीका उपाध्यक्ष सुमारको भेटवार्ता भने प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग भेटेर शुरु गरेकी छन् । प्रधानमन्त्री शेरबहादुर देउवा भन्दा पहिले यो टोलीले ओलीसँग भेटवार्ता गरेको छ ।

ओलीसँग कुरा गर्न सुमार उनकै निबास बालकोट पुगेकी थिइन् । भेटमा अमेरिकी अनुदान सम्झौता एमसीसी बारे छलफल भएको थियो । उपाध्यक्ष सुमारले एमसीसी अनुमोदनको प्रक्रिया अघि बढाउनुपर्छ भन्नेमा अमेरिकी सरकार रहेकाले यसका लागि सघाउन आग्रह गरिन् ।

पूर्वप्रधानमन्त्री ओलीले भने एमाले अहिले प्रतिपक्षमा रहेकाले एमसीसीबारे सरकारको स्पष्ट धारणा नआएसम्म पार्टीले धारणा नबनाउने बताए । यसबारे ओलीले बुधबार मात्रै संसदीय दलमा छलफल गरेका थिए । एमालेका अधिकांश सांसदले एमसीसी अनुमोदनको पक्षमा पार्टी उभिन नहुने अडान लिएका थिए । भेटमा सहभागी एमालेका विदेश विभाग प्रमुख राजन भट्टराईका अनुसार, सत्तारुढ दलले एमसीसीबारे निर्णय लिएपछि मात्रै आफ्नो धारणा बन्ने ओलीले बताएका छन् ।

"अहिलेको सरकार बहुमतमै रहेकाले एमसीसी अनुमोदन गर्ने कि नगर्ने भन्ने बारेमा सरकार पहिला स्पष्ट हुनुपर्छ, अनि एमालेले आफ्नो धारणा बनाउँछ, अहिले एमालेले एमसीसीबारे कुनै धारणा बनाएको छैन", ओलीको भनाइ उद्धृत गर्दै भट्टराईले भने ।

एमालेको नेतृत्वमा सरकार हुँदा एमसीसी अनुमोदन गर्न प्रयास गरे पनि तत्कालीन सभामुखले संसद्मा पेस नगरीदिँदा अघि बढ्न नसकेको स्मरण गराउँदै अहिले एमाले प्रतिपक्षमा रहेकाले यसमा एमालेको प्रत्यक्ष भूमिका नहुने ओलीले जानकारी गराउनुभएको भट्टराईले बताए ।

बालकोट भेटमा उपाध्यक्ष सुमारसँगै एमसीसीका प्रतिनिधि सहभागी थिए । त्यसैगरी एमालेका तर्फबाट विदेश विभाग प्रमुख भट्टराई, नेता विष्णु रिमाल, सूर्य थापा लगायत सहभागी थिए ।

ओली पछि अन्य दलका नेताहरुसँग पनि उपाध्यक्ष सुमारले भेटवार्ता जारी राखेकी छन् । बिहीबार साँझ नै सुमारले नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालसँग पनि भेटेकी छन् । अध्यक्ष नेपालसँग पनि सुमारले एमसीसी हल्ला गरिए जस्तो इण्डो प्यासिफिक रणनीति अन्तर्गतको कार्यक्रम नभएको बताइन् । उनले यो परियोजना लिने वा नलिने भन्ने निर्णय नेपालले नै बाँकी पृष्ठ २ मा

# महामन्त्रीको दौडमा युवाहरू







आगामी मंसिरमा हुने नेपाली काँग्रेसको १४औं महाधिवेशनबाट महामन्त्री पदमा युवा नेताहरुले उम्मेद्वारी दिने घोषणा गरेका छन् । नेताहरु गगन थापा, विश्वप्रकाश शर्मा र प्रदीप पौडेलले महामन्त्री पदमा उम्मेद्वारी दिने घोषणा गरेका छन् ।

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, २४ भदौ ।

नेपाली काँग्रेसको मंसिरमा हुने १४औं महाधिवेशनमा सभापति पदका निम्ति प्रौढ र बृद्ध उमेर समूहका नेताहरुले दावी गरिरहेका छन् । घोषणा नगरेपनि सभापति शेरबहादुर देउवा, उपसभापति विमलेन्द्र निधि, महामन्त्री शशांक कोइराला, पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला, प्रकाशमान सिंह, नेताहर शेखर कोइराला, सुजाता कोइरालाले उम्मेद्वारी दिने तयारी गरेका छन् ।

तर महामन्त्री पदका निम्ति भने युवाहरुले उम्मेद्वारी दिने घोषणा गरेका छन् । १३औं महाधिवेशनमा महामन्त्रीको उम्मेद्वार बनेका गगन थापाले महामन्त्री पदमा उम्मेद्वारी रहने घोषणा गरेका छन् । थापा पछि युवा नेता प्रदीप पौडेलले पनि महामन्त्री पदमै उम्मेद्वारी दिने घोषणा गरेका थिए ।

बिहीबार अर्का युवा नेता विश्वप्रकाश शर्माले पनि उम्मेद्वारी दिने घोषणा गरेका छन् । कांग्रेसका संस्थापक एवं प्रथम जननिर्वाचित प्रधानमन्त्री बाँकी पृष्ठ २ मा

# यूएईद्वारा भिसा प्रक्रिया सरल र सहज

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २४ भदौ

यूनाइटेड अरब इमिरेट्स (यूएई) ले विदेशी कामदार तथा उच्चदक्ष जनशक्तिको आवश्यकता बढेपछि विदेशीलाई दिने भिसा प्रक्रिया सरल र सहज पारेको छ । यूएईमा शुरू गर्न लागिएको ५० वटा नयाँ योजना (प्रोजेक्ट मा काम गर्ने विदेशी जनशक्तिको भिसासम्बन्धी व्यवस्थामा परिवर्तन गरेको हो । उस्ले तोकिएका प्राजेक्टमा काम गर्न जानेहरूलाई प्रदान गर्ने भिसालाई 'गोल्डेन भिसावाह'को श्रेणीमा राखेको छ । उनीहरूले स्थानीय स्पोन्सर बिना नै बस्न, काम गर्न तथा अध्ययन गर्न पाउने छन् ।

गोल्डेन भिसाको वर्गमा वैज्ञानिक, सीईओ, इन्जिनियर, म्यानेजर र प्राविधिक जनशक्ति रहेका छन् । नयाँ नियमले यूएईमा कारणबस जागिर गुमेको खण्डमा वा भिसाको म्याद सकिएको अवस्थामा तीन महिनासम्म बस्न सकिने भएको छ । पहिले त्यस्तालाई एक महिना मात्र यूएईमा बस्न दिने व्यवस्था थियो ।



यसअघि व्यावसायिक यात्राका लागि दिइँदै आएको तीन महिनाको अवधिलाई लम्ब्याएर ६ महिना बनाएको छ भने उच्च आम्दानी हुने आप्रवासी कामदारले आफ्नो परिवारका सदस्यहरुलाई भिसा स्पोन्सर गर्न पाउने स्थानीय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् ।

वैदेशिक रोजगार विशेष

## कुवेतको निर्माणाधीन एयरपोर्टमा दुई नेपाली कामदारको मृत्यु

**काठमाडौं/मस–** वैदेशिक रोजगारीका क्रममा कुवेतमा रहेका दुई नेपालीको बालुवाको ढिस्कोले पुरिएर मृत्यु भएको छ । कुवेतस्थित नेपाली दूतावासका अनुसार बुधबार कुवेतको निर्माणाधीन अन्तर्राष्ट्रिय विमानस्थल टर्मिनल-२ को भूमिगत पाइप मर्मत गर्ने क्रममा बालुवाको ढिस्को खस्दा त्यसमा पुरिएर दुई जना नेपाली कामदारको मृत्यु भएको हो । ढिस्काले पुरिएका अर्का एक नेपाली कामदार घाइते भएका छन् ।

झापा गोलधाप-१, यमबहादुर कटुवाल र चकचकी-६, झापाका सुकलाल राजवंशीको मृत्यु भएको छ । घटनामा घाइते भएका रोल्पाका सर्वजित महराको उपचार भइरहेको छ । घाइतेको अवस्था खतरामुक्त रहेको बताइएको छ ।

कुवेतका लागि नेपाली राजदूत दुर्गाबहादुर भण्डारी र मिनिस्टर काउन्सेलर प्रकाशमणि पौडेलले घाइतेको उपचार भइरहेको फर्वानिया अस्पतालमा पुगेर घटनाको जनाकारी लिएको दूतावासले जनाएको छ । बाँकी पृष्ठ २ मा

कोरोनाबाट म यसरी जोगिन्छु

- मास्क नलगाई कसैसँग भेटघाट र कुरा गर्दिन । कुराकानी गर्दै परे भौतिक दुरी कायम गरी सञ्चारका साधन प्रयोग गर्छु ।
- कुनै पनि वस्तु छोएपछि साबुनपानीले हात धुन्छु वा स्यानिटाइजर प्रयोग गर्छु ।
- भिजेको वा ओस लागेको मास्क प्रयोग गर्दिन ।
- एउटै मास्क लामो समयसम्म लगाउँदिन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# अलमल कायमै

नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री नियुक्त भएको दुई महिना पुग्न लागेपनि मन्त्रिपरिषद् समेत बिस्तार गर्न सकेका छैनन् ।



**समित श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, २४ भदौ ।

सत्ता साझेदार दलहरुको बिहीबार पनि बैठक बस्यो । प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बिहीबार दिउँसो बैठक बसेको थियो । बैठकमा पाँच दलका प्रमुखहरु बीच मन्त्रिपरिषद् विस्तार, मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) परियोजना तथा बुधबारदेखि सुरु भएको संसद्बारे समेत छलफल भएको बताइएको छ ।

एक नेताका अनुसार, प्रधानमन्त्री शेरबहादुर देउवाले अब चाँडै मन्त्रिपरिषद् बिस्तार गर्ने समेत बताएका थिए । देउवा प्रधानमन्त्री नियुक्त भएको दुई महिना पुग्न लागेपनि मन्त्रिपरिषद् बिस्तार हुन सकेको छैन । तर बिहीबार पनि प्रधानमन्त्री देउवाले चाँडै मन्त्रिपरिषद् बिस्तारले पूर्णता पाउने बताए ।

प्रधानमन्त्री देउवाले पार्टीभित्रै पनि मन्त्रिपरिषद् विस्तारमा दबाव दिएको बताएका थिए । बिहीबारको बैठकमा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड लगायत गठबन्धनका अन्य नेताहरुको सहभागिता थियो ।

बैठकमा विपक्षी नेकपा (एमाले) ले संसद् अवरुद्ध गरेपछिको अवस्थाबारे पनि समीक्षा भएको बैठकमा सहभागी एक नेताले बताए । यसअघि ललितपुरको हात्तीवनमा गठबन्धनका घटक शीर्ष नेताहरुबीच बैठक बसेको थियो । त्यो बैठकमा प्रचण्ड, नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल र जनता समाजवादी पार्टी नेपाल (जसपा) का अध्यक्ष उपेन्द्र यादव सहभागी थिए ।

अर्थात् बिहीबार नै सत्ता साझेदार दलहरुको दुई पटक बैठक बस्यो । तर निर्णय भने कुनैपनि भएन । सत्ता साझेदार दलहरुबीच शक्ति समीकरणमा कुरा मिल्न नसक्दा प्रधानमन्त्री देउवाले पाँच मन्त्रीको भरमा सरकार चलाइरहेका छन् । काँग्रेसका दुई, माओवादी केन्द्रका दुई र काँग्रेसका एक राज्यमन्त्रीको भरमा सरकार चलिरहेको छ ।

तर नेकपा एमाले र जनता समाजवादी पार्टी (जसपा) विभाजन गर्नेगरी दल विभाजन सम्बन्धी अध्यादेश ल्याएका प्रधानमन्त्री देउवा संसद् बैठकबाट अध्यादेश पारित गराउने तयारीमा छन् । प्रमुख विपक्षी दल एमालेको नाराबाजी बीच बुधबार दल विभाजन सम्बन्धी अध्यादेश पेश भएको छ ।

Vacancy Annoucement

यस प्रतिष्ठित म्यानपावर कार्यालयका लागि निम्न कर्मचारी चाहिएकोले योग्य तथा ईमान्दार व्यक्तिहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

◆ Documentation 4 Male/Female
सम्बन्धित काममा कम्तीमा २ वर्षको अनुभव हुनुपर्नेछ ।
◆ PRO 4 Male/Female
सम्बन्धित काममा कम्तीमा २ वर्षको अनुभव हुनुपर्नेछ ।

तलब आपसी सहमतिमा

Wish HR Solution Pvt. Ltd.
Kalimati Dol, Sinamangal-9, Kathmandu,
Tel: 01-4596093014697897 Mob: 9851041347
Email:- info@wishhrsolution.com, 0wishhr1425@gmail.com

**बाँके डायरी**
**पवन जायसवाल/मध्यान्ह**

# छोरीको शिक्षाका लागि एक रुपैयाँ अभियान सञ्चालन



बाँके युनेस्को क्लबले बर्दिया जिल्लाको ४ वटा पालिकामा 'छोरी शिक्षाका लागि एक रुपैयाँ अभियान' सञ्चालन गरेको छ। अति विपन्न र गरिब बालिकाको स्टेसनरी, पोशाक र अन्य खर्चका लागि उपलब्ध गराइने छ। सो अभियान सञ्चालनका लागि क्लबले बर्दियाका गुलरिया, बाँसगढी र राजापुर नगरपालिका तथा बढैयाताल गाउँपालिकामा रहेका १७ जना परिवर्तनका संवाहक युवाहरुलाई जिल्ला स्तरीय नेतृत्व विकास तथा अभियान सञ्चालन सम्बन्धि दुई दिने तालिम बढैयातालमा दिएको छ। बाँके युनेस्को क्लबद्वारा प्लान इन्टरनेसनल नेपालको सहयोगमा सञ्चालन गरिएको बालविवाह, कम उमेरमा गर्ने विवाह र जबरजस्ती गर्ने विवाह रोकथाम परियोजना अन्तर्गत सो तालिम सञ्चालन गरिएको हो।

उक्त अभियान अन्तर्गत बर्दियाका चारवटै पालिकामा परिवर्तनका संवाहक ती युवाहरुले विभिन्न व्यवसायी तथा अन्य सर्वसाधारणबाट रकम संकलन गरेर अति विपन्न र गरिब बालिकाको स्टेस्नरी, पोशाक र अन्य खर्चका लागि उपलब्ध गराउने क्लबका प्रमुख संरक्षक प्रवेज अली सिद्दिकीले बताए। सो अभियानलाई आ-आफ्नो पालिकामा गएर सञ्चालन गरी बढी भन्दा बढी रकम संकलन गरेर विपन्न र गरीब बालिकाको शिक्षाका लागि खर्च गर्ने तालिममा सहभागी बाँसगढीका परिवर्तनका संवाहक युवा सन्दिप पौडेलले बताए। उक्त अभियानमा बढी भन्दी बढीलाई सहभागी गराएर छोरी शिक्षाका लागि रकम संकलन गरेर उनीहरुलाई सहयोग गर्ने तालिममा सहभागी बाँसगढीकै अर्का संवाहक गोविन्द रानाले बताए। बिहीबार सञ्चालन गरिएको नेतृत्व विकास तथा अभियान सञ्चालन सम्बन्धि दुई दिने तालिमको सहजीकरण सहजकर्ता निरज न्यौपानेले गरेका थिए। अभियान सञ्चालनका लागि तालिममा सहभागी भएका परिवर्तनका १७ जना संवाहकहरुले यातायात खर्च वापत पाएको रकम मध्ये केही रकम जम्मा गरेर ३ हजार ५ सय ५ रुपैयाँ संकलन गरेका छन्। सो रकम पनि छोरी शिक्षाका लागि खर्च गरिने तालिममा सहभागी गोविन्द रानाले बताए।

# जोखिमको बीच देवदह नगरपालिकाका विद्यालय आइतबारदेखि खुल्ने

**रेशम अधिकारी/मध्यान्ह**
रुपन्देही, भदौ २४

कोभिड- १९ महामारी कारण तीन महिनादेखि रूपन्देहीका विद्यालय सञ्चालनमा आएका छैनन्। विद्यालय बन्द भएको करिब ३ महिनापछि केही विद्यालयमा अनलाइन विधिबाट पठनपाठन सुचारु भएपनि अनलाइन विधिबाट पठनपाठन त्यति प्रभाकारी हुन सकेको छैन।

अनलाइन विधिबाट अध्यापन गराउँदा मोबाइल, ल्यापटप, जस्ता विधुतिय उपकरणको बढी प्रयोगले गर्दा केहि विद्यार्थीहरुमा आँखा र टाउकोमा समस्या देखा परेको छ। भित्री दुर्गम गाउँमा अहिलेसम्म पनि केही विद्यार्थीले अनलाइन कक्षा लिन पाएका छैनन् भने केही शिक्षक र विद्यार्थीलाई अनलाइन कक्षाबारे जानकारीसम्म छैन। कोभिड-१९ को जोखिमको बिचमै विभिन्न जिल्लाका स्थानीय तहमा आगामी असोज १ गतेदेखि विद्यालय सञ्चालन गर्न तयारी गरिएको छ।

रूपन्देहीको देवदह नगरपालिकाले पनि भदौ २७ गते आइतबारदेखि विद्यालय सञ्चालन गर्ने निर्णय गरेको छ। देवदह नगर समितिको भदौ २० गते बसेको बैठकले स्वास्थ्य मापदण्ड पूर्ण रुपमा पालना गरेर



विद्यालय सञ्चालन गर्ने निर्णय गरेको हो।

'दुई सिफ्ट गरी कक्षा संचालन गर्छौं' केरवानी माध्यमिक विद्यालयका प्रधानाध्यापक दुर्गादत्त शर्माले भने कोभिड - १९ को महामारीले शिक्षा क्षेत्रमा क्षती भएको छ। हामिले विद्यालयलाई दुई सिफ्ट गरी कक्षा संचालन गर्ने योजना बनाएका छौं। केहि विद्यार्थीहरु बिहानको समयमा, केहिलाई दिउँसो बोलाएर अध्यापन गराउनेछौं। सामुदायिक विद्यालय भएका कारण यदि कोही विद्यार्थी मास्कबाट बञ्चित छन् भने हामीले निःशुल्क मास्क समेत उपलब्ध गराउने छौं।

'स्वास्थ्यकर्मीको निगरानीमा अध्यापन गराउँछौं' देवदहकै सगरमाथा आवासीय विद्यालयले भने विद्यालयमै स्वास्थ्यकर्मी खटाउने प्रधानाध्यापक कृष्ण पौडेलले मध्यान्हलाई जानकारी दिए। उनले भने, 'स्वस्थ्य मापदण्ड पूरा अपनाएर अध्यापनलाई निरन्तरता दिने छौं।' एक बेन्चमा दुई विद्यार्थी राखेर दुई सिफ्ट गरी कक्षा संचालन गर्ने छौं। विद्यार्थीहरु गेटमा प्रवेश गर्दा सेनिटाइजर लगाउने छन्। शिक्षकहरुद्वारा मास्क पनि चेकजाँच गरिने छ।' देवदह नगरपालिका शिक्षा शाखाका प्रमुख टिकाराम शर्माले भदौ २७ गते आइतबार देखि विद्यालय संचालनको व्यवस्था मिलाउन विद्यालयहरुलाई अनुमति दिएको र सोहि अनुसार विद्यालयहरुलाई स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्दै विद्यालय संचालन गर्ने व्यवस्था मिलाउन आग्रह गरिएको बताए।

### विद्यालय खोल्न हतार नगर्न अभिभावकको आग्रह

यता अभिभावकहरूले भने जोखिम कायमै रहेकाले विद्यालय खोल्न हतार नगर्न आग्रह गरेका छन्। रुपा क्षेत्रीले मध्यान्हसँग कुरा गर्दै भनिन्, 'देवदह क्षेत्रमा जोखिम कायम रहेको, चाडपर्व आउन लागेको, सबैले खोप नलगाएको कारण तत्काल विद्यालय खोल्न नहुने र भौतिक रूपमा विद्यालय बन्द भएता पनि वैकल्पिक माध्यमबाट सिकाइ निरन्तरता दिन सकिनेछ।'

विद्यालय समूहका विद्यार्थीहरुलाई खोप लगाइएको छैन। विद्यालय संवेदनशील क्षेत्र हो। विद्यालयहरूले बालबालिकाको स्वास्थ्यको पूर्ण रुपमा ख्याल गर्दै अत्यन्तै जिम्मेवारी पूर्वक पठनपाठनको व्यवस्था मिलाउनु पर्ने देखिन्छ।

## जानकी गाउँपालिका अध्यक्षको पूण्यतिथिमा श्रद्धाञ्जली सभा



बाँकेको जानकी गाउँपालिकाका अध्यक्ष रामनिवास यादवको १३ औं दिनको पूण्यतिथिमा बिहीबार श्रद्धाञ्जली सभा गरिएको छ। श्रद्धाञ्जली सभामा गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुको सहभागिता रहेको थियो।

सो श्रद्धाञ्जली कार्यक्रममा गाउँपालिका उपाध्यक्ष भूमिसरा धितालले अध्यक्ष राम निवास यादवको निधनले गाउँपालिकाले अभिभावक गुमाएको बताएकी थिइन्। गाउँपालिकाका संस्थापक अध्यक्षको रुपमा रहेका राम निवास यादवले सह्रानिय कार्य गरेको स्मरण गर्दै उपाध्यक्ष धितालले जनप्रिय नेता राम निवास यादवको योजना र सपनालाई पूरा गर्न आगामी दिनमा गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारी एकजुट भएर लाग्नुपर्नेमा जोड दिइन्।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बस बहादुर रानाले गाउँपालिका अध्यक्ष राम निवास यादवले आफ्नो कार्यकालमा जनमुखी कामहरु गर्दै आएको बताएका थिए। जनताका पक्षमा काम गर्न कर्मचारीलाई सदैव मार्ग निर्देश गर्ने अभिभावक गुमाउनु पर्दा गाउँपालिका शोकमग्न रहेको उनले बताए।

गाउँपालिकाका राजनीतिक सल्लाहकार एवम् नेकपा एमालेका नेता पदम धितालले गाउँपालिका अध्यक्ष राम निवास यादवको निधनले जानकी गाउँपालिकाले कर्मशिल जनप्रिय नेता गुमाउनुका साथै पार्टीले असल र जिम्मेवार नेता गुमाएको बताएका थिए। अध्यक्ष यादवले विगतमा अघि सारेका योजना र कार्यक्रमलाई सफल पार्न जनप्रतिनिधि र कर्मचारी अघि बढ्न सकेमात्र यादव प्रतिको सच्चा श्रद्धाञ्जली हुने उनले उल्लेख गरे।

यही भदौ १२ गते अध्यक्ष राम निवास यादवको ६२ वर्षको उमेरमा बिहान शिक्षण अस्पताल नेपालगन्जमा उपचारको क्रममा निधन भएको थियो। यादवका आमा, श्रीमती, दुई छोरा र दुई छोरी छन्। वि.सं २०७४ सालमा भएको स्थानीय तहको निर्वाचनमा नेकपा एमालेबाट यादव निर्वाचित भएका थिए।

## कपिलवस्तुमा मनाइयो १०८ औं बिपी जयन्ती



**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, २४ भदौ

१०८ औं बिपी जयन्ती कपिलवस्तुमा विविध कार्यक्रम गरी मनाइएको छ। नेपाली कांग्रेस कपिलवस्तुद्वारा आयोजित विचार गोष्ठीमा जननायक तथा नेपालका प्रथम निर्वाचित प्रधानमन्त्री बिपी कोइरालाको १०८ औ जयन्तीका अवसरमा कांग्रेसलाई स्थानीय तह देखि नै मजबुँद पानुपर्ने धारण व्यक्त गरिएको थियो.।

तौलिहवास्थित पार्टी कार्यालयमा आयोजित अन्तरक्रियाका वक्ताहरुले नेता कार्यकर्ताहरुले आफनो व्यक्तिगत स्वार्थलाई त्यागेर पार्टीलाई बलियो बनाउनुपर्नेमा जोड दिएका थिए। सो अवसरमा कांग्रेस नेता तथा पुर्वमन्त्री दीप कुमार उपाध्यायले कांग्रेस व्यक्तिगत र गुटगत स्वार्थमा लाग्दा कमजोर भएको बताए। उनले संगठन विधि विधान अनुसार चल्नुपर्ने र त्यागको भावना समते राख्नुपर्ने बताए। अहिले पार्टीका अधिवेशनमा विवाद गरिए त्यसले आउने स्थानीय तहको निर्वाचनमा ठूलो असर गर्ने उनको भनाइ छ।

सो अवसरमा पार्टीको आमन्त्रित केन्द्रीय सदस्य राजेश सिंहले बिपीको विचार अहिले पनि उत्तिकै सान्दर्भिक रहेको बताए। उनले २०१५ सालको पहिलो आम निर्वाचन तथा २०४६ सालको प्रजातन्त्र आउनुमा पनि बिपीकै ठूलो योगदान रहेको चर्चा गरे। उनले २०१७ सालका बिपीको निर्वाचित सरकारलाई हटाएर राजा महेन्द्रले पंचायती व्यवस्था लागू गरे पनि बिपीको व्यक्तित्व र विचारलाई कदर गर्ने गरेको बताए।

'बिपीको विचार, व्यक्तित्व र सादगी वर्तमान परिवेशमा पनि सान्दर्भिक छ' उनले भने। पार्टी सभापति सुरेन्द्रराज आचार्यले बिपीको राष्ट्रियता, प्रजातन्त र समाजवाद तथा मेलमिलापको नीति अहिलेको आवश्यकता रहेको बताए। उनले पार्टीमा पुराना नेताहरुको सम्मान र नयाँहरुलाई समेत उचित स्थान हुनुपर्ने बताए। पूर्व पार्टी जिल्ला सभापति राजेश आचार्यले बिपीको विचारलाई बिर्सदै गएकाले अहिले पार्टीकामा धेरै समस्या उत्पन्न भएको बताए। राष्ट्रियता, प्रजातन्त्र, समाजवाद तथा मेलमिलापको नीतिलाई अंगालिएर पार्टी बलियो हुने उनले बताए। त्यस्तै पूर्वसभापति सुधाकर पाण्डेयले विपीको समाजवादको सिदान्त गाउँ-गाउँसम्म लैजानु पर्ने धारण राखे। पार्टी सचिव प्रेमबहादुर रायमाझीको संचालनमा भएको कार्यक्रममा पूर्व मन्त्री कमलेश कुमार शर्मा, जिल्ला उपाध्यक्ष अब्दुल कलाम खा, रामआशिष पाण्डेय, सचिव मेहेन्द्र पाठक, कोषध्यक्ष शोहरत तेली पदम प्रसाद खनाल, ओजी अर्सद, प्रेश सभा सदस्य रिना नेपाल पुर्व सचिव सुरेश शर्मा लगायतले मन्तव्य राखेका थिए। यस्तै बिपी जयन्तीमा कपिलवसतुको शिवराज, बुद्धभूमी, बाणगंगा नगरपालिकामा समेत विभिन्न कार्यक्रम गरी मनाइएको छ।

### बिपी जयन्तीमा बिपन्न परिवारलाई सहयोग

जयन्तीका अवसरमा तरुण दल कपिलवस्तु र नेबिसंघले बाणगंगा नगरपालिका बुङ्चीस्थित अति विपन्न एक परिवारलाई खाद्यान्न र स्टेस्नरी सहयोग गरेको छ। रुखबाट लडेर अपांग भएपछि खानलाउन समेत समस्या भएका रामप्रसाद थारुको परिवारलाई दरुण दलका अध्यक्ष शक्ति सिंह ठकुरी र नेबिसंघ क्षेत्रीय सभापति चन्द्रकान्त पोख्रेल, वडा अध्यक्ष गणेश क्षेत्रीले संयुक्त रुपमा सो सामग्री हस्तान्तरण गरेका थिए। सो अवसरमा अध्यक्ष ठकुरीले आफुहरुले गरिब र विपन्न असहायहरुलाई विभिन्न सहयोग गर्दै आएको बताए। दुर्घटना भएपछि अपांग भएका थारुको परिवारमा संकट परेको छ। उनका २ छोरी, आमा बुवा र श्रीमिति छन। सो सहयोग पाएकोमा सहयोगी हातहरु प्रति थारुले कृतज्ञता ब्यक्त गरे। चामल दाल नुन तेल साबुन सर्फ च्यवनप्रास, झोला कापी कलम र आर्थिक समेत सहयोग गरिएको थियो। कार्यक्रममा तिलक थापा, सुर्य बराल, दिनेश क्षेत्री, इश्वर थापा, सरोज सेन, खुम बहादुर मल्ल, लक्ष्मी बोगटी, धन बहादुर विसी, बदी काफले, हितेन्द्र विसी लगायतको सहभागिता थियो।

## विभिन्न घटनामा संलग्न तीन व्यक्ति पक्राउ

**काठमाडौं/मस-** प्रहरीले विभिन्न घटनामा संलग्न तीन जनालाई फरक-फरक स्थानबाट पक्राउ गरेको छ। बैंकिङ कसुरमा दोषी ठहर भई फरार रहेका काठमाडौंको गोकर्णेश्वर बस्ने उमेश लामालाई प्रहरीले काठमाडौंको नयाँ बस्तीबाट पक्राउ गरेको जनाएको छ।

बैंक खातामा पर्याप्त रकम नभएको जानीजानी पीडितलाई झुक्यानमा पारी चेक दिएका लामालाई बैंकिङ कसूरजन्य अपराध गरेको ठहर गरी सात दिन कैद र रु ११ लाख जरिवाना हुने सजाय सुनाएको थियो। त्यसपछि फरार रहेका उनलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोबाट खटिएको टोलीले आज पक्राउ गरेको हो। उनलाई बिहीबार फैसला कार्यान्वयनका लागि जिल्ला अदालत काठमाडौंमा बुझाइएको ब्यूरोले जनाएको छ।

यसैबीच बिहीबार काठमाडौंको नागढुङ्गाबाट झण्डै दुई किलो गाँजासहित एक व्यक्ति पक्राउ परेका छन्। धादिङबाट शंकास्पदरूपमा पैदलै काठमाडौं आउँदै गर्दा उनलाई गाँजासहित नागढुङ्गा सुरक्षा चौकीबाट पक्राउ गरिएको हो। पक्राउ पर्नेमा धादिङको थाँक्रेका मोतीलाल तामाङ रहेका छन्। उनले बोकेको झोलाभित्र लुकाइराखेको अवस्थामा एक किलो ८०० ग्राम गाँजा फेला पारिएकाले लागुऔषध नियन्त्रण ऐन २०३३ अनुसार अनुसन्धान थालिएको छ। यसैबीच धादिङबाट काठमाडौं आउँदै गरेको बा४ख ४४५० नंको बस जाँच गर्ने क्रममा स्रोत नखुलेको रु ११ लाखसहित एक जनालाई पक्राउ गरिएको महानगरीय प्रहरी परिसर काठमाडौंले जनाएको छ। पक्राउ पर्नेमा भारतका शोविक आदक रहेको र थप अनुसन्धानका लागि उनलाई सम्पत्ति शुद्धिकरण विभाग हरिहरभवन पठाइएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा २०६५/०३/०१ मा दर्ता भएको प्रा.लि. नं. ५३९२७ को **टि.एम. पावर प्रा.लि.**, का.म.न.पा.–३४, काठमाडौं नामक कम्पनी यस कार्यालयको मिति २०७८/०५/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## बोलेरो दुर्घटनामा एकजनाको घटनास्थलमै मृत्यु

**नुवाकोट/मस**–नुवाकोटको समुन्द्रटारमा बिहीबार बोलेरो गाडी दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ।

राउतबेशीबाट मसेरी बिरामी लिन जाने क्रममा प्र ३ ०१ ०२२ च ५०७१ नम्बरको बोलेरो गाडी झगडे- मसेरी सडकखण्डको डाढ खोला भन्ने ठाउँमा दुर्घटना हुँदा बोलेरोमा सवार मानबहादुर तामाङको घटना स्थलमै मृत्यु भएको राउतबेशीका असाई अमर सिंह भुषालले जानकारी दिए।

बोलेरो सडकबाट करिब ६० मिटर तल खसेर अड्कीएको उनले बताए। बोलेरोका चालक माईला भनिने बिजय तामाङ भने फरार रहेको प्रहरीले जनाएको छ।

### एमसीसीबारे...

गर्नुपर्ने बताएकी थिइन्। नेपालले यो परियोजना नलिएमा अर्को देशमा पठाइने पनि प्रष्ट पारेको अध्यक्ष नेपालसँग भेटवार्तामा सहभागी नेता गंगालाल तुलाधरले बताए।

नेपाल रहँदा सुमारले प्रधानमन्त्री शेरबहादुर देउवा, अर्थमन्त्री जनार्दन शर्मा र ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालसँग बेग्लाबेग्लै भेटवार्ता गर्ने कार्यक्रम रहेको अर्थ मन्त्रालयले जनाएको छ।

नेपालको गरिबी घटाउन तथा दिगो सामाजिक-आर्थिक विकासका लागि चार वर्षअघि भदौमा नेपाल सरकार र एमसिसीबीच मिलेनियम च्यालेञ्ज सम्झौता (कम्प्याक्ट) मा द्विपक्षीय सम्झौता भएपछि एमसिसीबाट यो तहमा पहिलोपटक भ्रमण भएको हो। यस भ्रमणलाई चासो र महत्वका साथ हेरिएको छ।

सम्झौताअनुसार सडक सञ्जाल, विद्युत् प्रसारण लाइन निर्माणलगायत नेपालको भौतिक पूर्वाधार विकासका आयोजना कार्यान्वयनका निम्ति अनुदानस्वरूप अमेरिकाबाट रु ५० अर्ब सहयोग प्राप्त हुने छ।

यस परियोजनामा ४०० किलोभोल्ट क्षमताको ३१८ किलोमिटर लामो प्रसारण लाइन एवं तीन उच्च क्षमतायुक्त सबस्टेशन निर्माणमा केन्द्रित विद्युत् प्रसारण आयोजना र बढीमा ३०० किलोमिटर रणनीतिक सडकको मर्मतसम्भारका विषय समावेश गरिएका छन्।

### महामन्त्रीको ....

बीपी कोइरालाको १०८औँ जन्मजयन्तीका अवसरमा तत्कालीन सुन्दरीजल बन्दीगृह पुगेर शर्माले उम्मेद्वारी घोषणा गरेका हुन्। विशेष कार्यक्रम गरी शर्माले बीपीको सपना पूरा गर्न महामन्त्री पदमा उम्मेद्वारी दिन लागेको बताए।

"१५ वर्षभित्र सबै नेपालीलाई आफूजस्तै मध्यमस्तरको जीवनशैली यापन गर्न सक्ने हैसियतको बनाउने बीपीको दृष्टिकोण अझै पूरा हुन सकेको छैन, यो सपना पूरा गर्न मैले उम्मेद्वारी दिने घोषणा गरेको हुँ", शर्माले भने। शर्मा काँग्रेसका प्रवक्ता छन्।

२०१६ जेठ १३ गते प्रधानमन्त्री नियुक्त भएपछि बीपीले १५ वर्षभित्रमा गर्छु भनेको काम राजा महेन्द्रले सुरु गरेको पञ्चायती व्यवस्थाले ३० वर्षसम्म पनि गर्न नसकेको नेता शर्माले बताए। आफू महामन्त्री भएर पार्टीलाई तीनवटा निर्वाचन जिताई बीपीको सपना पूरा गर्ने उनको प्रतिबद्धता छ।

पार्टीमा युवा पुस्ता ऊर्जाका साथ नेतृत्वमा अघि बढेकाले बीपीको सपना पूरा गर्न सकिने प्रवक्ता शर्माले बताए। बीपीले दुई तिहाइ सरकारको कमीकमजोरी लेख्न सञ्चारमाध्यमलाई निश्चित बजेट व्यवस्थापन गरेर पत्रकारिता क्षेत्रको सम्मान गरेको परम्परालाई कांग्रेसले निरन्तरता दिने उनको भनाइ छ।

२०१७ पुस १ गते जननिर्वाचित सरकार अपदस्थ गरी बीपी, गणेशमान, कृष्णप्रसाद भट्टराईलगायत नेतालाई लामो समय थुनेको तत्कालीन सुन्दरीजल बन्दीगृह हालको बीपी सङ्ग्रहालय पुगेर नेता शर्माले उम्मेद्वारी घोषणा गरे। उम्मेद्वारी घोषणा लगत्तै शर्माले बिपी, गणेशमान, किसुनजी, रामनारायण मिश्र, योगेन्द्रमान शेरचन, दिवानसिंह राई लगायत योद्धाको शालिकमा माल्यार्पण गरे।

### कुवेतको...

दूतवासले विज्ञप्ति जारी गर्दै नेपालीको मृत्युले स्तब्ध भएको जनाउँदै शोक सन्तप्त परिवारजनहरुमा हार्दिक समवेदना प्रकट गरेको छ। कुवेतको फायर फाइटर ब्रिगेडले ढिस्को खस्दा शुरूमा तीनजना नै पुरिएको तर एक जनाको जिवितै उद्धार गरिएको बताइएको छ। चार घण्टाको प्रयासपछि उद्धार कार्य सकिएको बताइएको छ। स्थानीय प्रहरीले कार्यस्थलमा सुरक्षाको पर्याप्त व्यवस्था गरिएको वा नगरिएको बारे छानविन शुरू गरेको बताएको छ।

**कतारमा रोजगार** | १. कम्पनी : **GREEN FARM FOR AGRICULTURE & TRADING**
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७७/१२/१९ चलानी नं.: ६०१५६६६४ L.T. No.: 237982 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisor | 1 | 0 | स. काममा दक्ष | 2500 | ८०,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ असोज १ गते (17 September 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**मञ्जुश्री ओभरसिज सर्भिस प्रा. लि.**
बालुवाटार, काठमाडौं, श्रम इजाजत पत्र नं. ४२३/०६०/०६१, फोनः ४४४६०४१
E-mail.: manjushreeoverseas@gmail.com, Web.: www.http://www.manjushree.com.np

**कतारमा रोजगारको अवसर** | कम्पनी : **PREMIER FOOD SERVICES W.L.L**
शहर: DOHA

पूर्व स्वीकृत मितिः२०७८/०५/१० चलानी नं.:६०१६२६४९ LT. No.: 244477

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 5 | 0 | स. काममा दक्ष | 1400 | ४५,१६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७८ असोज ३ गते (19 September 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगर सम्पर्क गर्नुहोला।

**HABTOOR INTERNATIONAL PVT. LTD.**
GPO Box: 261, Basundhara-29, Kathmandu (गंगाहरी सदन भवनको चौथो तला)
Govt. Lic. No. 1147/073/74
Tel: 01-4973377, 4983377 | Mob.: 9801159352, 9801059552, 9801059553
E-mail : jobsinhabtoor@gmail.com, Web: www.habtoorinternational.com

यसै कम्पनीको लागि Receptionist र HR Co Ordinator को आवश्यक भएकोले इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला।

# राष्ट्रपतिद्वारा नवनियुक्त प्रधानसेनापति शर्मालाई दर्ज्यानी चिह्न

**काठमाडौं/मस-** राष्ट्रपति विद्यादेवी भण्डारीले नवनियुक्त प्रधानसेनापति प्रभुराम शर्मालाई महारथीको दर्ज्यानी चिह्न प्रदान गरेकी छन् ।

राष्ट्रपति भवन शीतल निवासमा बिहीबार आयोजित विशेष समारोहमा नेपाली सेनाका परमाधिपति राष्ट्रपतिसमक्ष नवनियुक्त प्रधानसेनापति शर्माले पद तथा गोपनीयताको शपथ लिए ।

मुलुकको प्रमुख सुरक्षा अंग नेपाली सेनाको ४४ औं प्रधानसेनापतिका रुपमा शर्माले तीनवर्षे कार्यकालका लागि बिहीबार देखि नै



औपचारिकरुपमा सैनिक नेतृत्वको जिम्मेवारी सम्हाल्नेछन् । समारोहमा प्रधानमन्त्री एवं रक्षामन्त्री शेरबहादुर देउवा, प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर राणा, सभामुख अग्निप्रसाद सापकोटा र राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिना उपस्थित थिए ।

राष्ट्रपति भण्डारीले सरकारको सिफारिशमा उनलाई यही भदौ ११ गते बिहीबारदेखि लागू हुने गरी प्रधानसेनापतिमा नियुक्त गरेकी हुन् । यसअघिका प्रधानसेनापति पूर्णचन्द्र थापाको तीनवर्षे कार्यकाल बिहीबार नै सकिएको छ ।

# दार्चुलामा आत्महत्या गर्नेको संख्या बढ्दो

**गणेश सिंह धामी/मध्यान्ह**
दार्चुला, २४ भदौ

दार्चुलामा पछिल्ला वर्षहरुमा आत्महत्या गर्नेहरुको संख्या विकराल बन्दै गएको छ ।

जिल्लामा पछिल्लो समय आत्महत्या गर्नेको संख्या अस्वभाविक रुपमा बढ्दै गएको जिल्ला प्रहरी कार्यालय दार्चुलाका प्रहरी प्रमुख डिएसपी मनोहर भट्टले मध्यान्हलाई जानकारी दिए ।

जिल्ला प्रहरी कार्यालय दार्चुलाका अनुसार गत आर्थिक वर्ष २०७७/०७८ मा जिल्लाका २१ जनाले आत्महत्या गरेका छन् । तीमध्ये १० महिला, ९ पुरुष र दुई जना बालिका रहेका छन् ।



जिल्लामा आत्महत्या गर्ने बालिकादेखि ७२ वर्षसम्मका वृद्ध समेत छन् । त्यस्तै चालु आर्थिक वर्ष २०७८/०७९ मा पनि २ जनाले आत्माहत्या गरेका छन् ।

आत्महत्या गर्नेहरुमा अधिकाशंले झुण्डिएर आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय दार्चुलाका प्रहरी निरीक्षक पुष्कर ऐरीले बताए । आत्महत्या रोकथामका लागि परिवारका सबै सदस्यहरु जिम्मेवार बन्नुपर्ने, मानसिक विचलन भएकाहरुलाई मनोपरामर्श प्रदान गर्नुपर्ने, सामाजिक, पारिवारिक र व्यक्तिगत सम्बन्धहरु सुधारमा समयमै पहल गर्नुपर्ने जस्ता आवश्यकता रहेको विज्ञहरु बताउँछन् ।

# प्रदेशस्तरीय वक्तित्वकलाका लागि सोलुबाट सुस्मा छनोट

**रमन वन/मध्यान्ह**
सोलुखुम्ब, २४ भदौ

राष्ट्रिय बाल दिवसको अवसरमा आगामी भदौ २९ गते हुन लागेको प्रदेश १ स्तरिय वक्तित्वकला प्रतियोगिताका लागि सोलुखुम्बुबाट सुस्मा बस्नेत छनोट भएकी छिन् ।

योङ स्टार क्लवले विहिबार गरेको अनलाईन छनोट प्रतियोगितामा तिङलाकी बस्नेत प्रथम भएको क्लवका कार्यकारी निर्देशक दिपक राजभण्डारीले आर्थिक दैनिकलाई जानकारी दिए ।

उनका अनुसार प्रतियोगितामा लिखुपिके गोलीकी दुर्गा बस्नेत दोश्रो, सल्लेरी दोर्पुकी दर्शना राजभण्डारी







तेश्रो र महाकुलुङकी विपना राई चौथो भएका छन् । पहिलो, दोश्रो, तेश्रो र चौथो स्थान ओगट्न सफल प्रतियोगिहरुलाई क्रमशः नगद दुई हजार, एक हजार पाँच सय, एक हजार र पाँच सय रुपैयाँको साथमा प्रमाणपत्र प्रदान गरिएको उनले बताए । छनोटका लागि १८ वर्ष सम्मका बालबालिकाहरुका लागि विहिबार जुमको माध्यमबाट जिल्ला स्तरिय वक्तित्वकला प्रतियोगिता गरिएको हो ।

वक्तित्वकलाको शिर्षक 'कोभिड १९ ले बालबालिकाको शैक्षिक क्षेत्रमा पारेको असर र बैकल्पिक उपाय' रहेको थियो । प्रथम हुनेले भदौ २९ गते हुने प्रदेश स्तरिय प्रतियोगितामा अनलाइनको माध्यमबाट सहभागिता जनाउने क्लबले जनाएको छ ।

## सिन्धुपाल्चोक डायरी

**देवराज सुवेदी/मध्यान्ह**

# सिद्धार्थ आधारभूत विद्यालय पहिरोको जोखिममा



निरन्तर वर्षाले इन्द्रावती ४ बिमिरेको सिद्धार्थ आधारभूत विद्यालय पहिरोको जोखिममा परेको छ ।

पहिरोको डरले विद्यालय छाडेर अन्तै पढाउनुपर्ने अवस्था रहेको प्रधानाध्यापक सानु मैया दुलालले बताइन् । त्यस्तै विद्यालयसँगै विद्यालय मुनिका दाहाल बस्ती पनि जोखिममा परेको छ । गत वर्ष देखि नै पहिरो सुरु भएको वडा, पालिका र भूसंरक्षण कार्यालयलाई भन्दा पनि वास्ता नगरेको स्थानीय देवेन्द्र दाहालले बताए ।

# एक्सपर्ट फाउण्डेसनद्वारा मेलम्ची बाढी प्रभावितलाई १० लाख सहयोग



एक्सपर्ट एजुकेसन तथा भिजा सर्भिस अन्तर्गत एक्सपर्ट फाउण्डेसनले मेलम्ची बाढी प्रभावितलाई १० लाख रुपैयाँ सहयोग गरेको छ। अष्ट्रेलियाका विभिन्न राज्यहरूमा रहेका विभिन्न शाखामा कार्यरत कर्मचारीहरूले स्वेच्छाले बाढी प्रभावितका लागि सहयोग गरेका थिए। संकलित रकमलाई दोब्बर बनाएर एक्सपर्ट फाउण्डेसनले १० लाख रुपैयाँ बनाई सहयोगको लागि रकम पठाएको एक्सपर्ट फाउण्डेसनका अध्यक्ष रोशन कंडेलले जानकारी दिए । सहगोगको लागी सम्पुर्ण शाखा र एक्सपर्ट फाउण्डेसन बीचको समन्वय एक्सपर्टका ग्रुप जनरल व्यवस्थापक मन्जित घिमिरे र मेलबर्न शाखाका निर्देशक सरोज शर्माले गरेका थिए ।

एक्सपर्ट एजुकेसनको संसार भर चालिस भन्दा धेरै शाखा रहेको छ । अष्ट्रेलिया मेलवर्न बस्ने संस्थाका सदस्य निराजन दुलालको विशेष पहलमा एक्सपर्ट फाउन्डेसन मार्फत मेलम्ची बाढी पीडितहरूका लागि प्राप्त १० लाख रुपैयाँ सहयोगमध्ये मेलम्ची नगर पालिकालाई ३ लाख, मेलम्ची बाढी संरक्षण तथा सरोकार समितिलाई २ लाख, सिमखेत फट्टे बाढी संरक्षण समितिलाई १ लाख २५ हजार, बाढीबाट पूर्ण क्षति भई विस्थापित २३ घरपरिवारलाई जनही १५ हजार रुपैयाँका दरले ३ लाख ४५ हजार रुपैयाँ र रेडियो मेलम्चीलाई ३० हजार रकम बिहीबार मेलम्चीमा एक कार्यक्रमकाबीच मेलम्चीका नगर प्रमुख डम्बर अर्याल तथा अन्य सम्बन्धित समिति तथा संस्थाका प्रतिनिधिहरुलाई संस्थाका प्रतिनिधि देवी प्रसाद लम्साल, विकाश ज्ञावली, रोशन कँडेल तथा सदस्य निराजन दुलालका बुबा नवराज दुलालले हस्तान्तरण गरेका समाजसेवी सिपी दुलालले मध्यान्हलाई बताए । एक्सपर्टले व्यवसायमा मात्र नभई सामाजिक परोपकारमा पनि निरन्तर सहयोग पुर्‍याउँदै आएको छ ।

# मेलम्चीको दनुवार गाउँमा पहिरो, त्रासमा स्थानीय

**सिन्धुपाल्चोक/मस-** मेलम्ची नगरपालिका- ११ दनुवार गाउँका छेउमा पहिरो गएको छ । लगातारको वर्षापछि दनुवार गाउँमा पहिरो गएको हो । पहिरो खानीगाउँ, घटेर टोलसम्म गएको र अझै झरिरहेको स्थानीयवासी दशरथ दनुवारले बताए । पहिरो विस्तारै बस्तीतिर छिर्ने डरमा रातभरि सुत्न नसकेको उनको भनाइ छ ।

पहिरो रोक्नका लागि प्रयास गरिदिन स्थानीय तहलाई आग्रह गरेको छ । पहिरो बढ्दै जाँदा घटेर टोल जोखिममा परेको स्थानीयवासीले बताएका छन् ।

# धनगढी उपमहानगरपालिकाद्वारा कोभिड नियन्त्रणमा साढे ४ करोड खर्च

**हिमेश बि.क/मध्यान्ह**
धनगढी, २४ भदौ

धनगढी उपमहानगरपालिकाले कोभिड-१९ महामारीको नियन्त्रण व्यवस्थापन तथा राहतमा करिब साढे ४ करोड खर्च गरेको छ । आइसोलेसन, क्वारेन्टाइनमा मात्रै १ करोडभन्दा बढी खर्चेको छ । उप-महानगरपालिकाले आर्थिक वर्ष २०७६/०७७ को पहिलो प्रकोपमा २ करोड ४३ लाख ५२ हजार र ०७७/०७८ को दोस्रो लहरमा १ करोड ९३ लाख २६ हजार खर्च गरेको छ ।

'पहिलो प्रकोपको बेलामा क्वारेन्टाइन, आइसोलेसन र राहतमा बढी रकम खर्च भएको छ,' उपमहानगरपालिकाकी लेखाअधिकृत सरस्वती जोशीले मध्यान्हलाई भनिन्, 'दोस्रो लहरमा अक्सिजन प्लान्ट, शव बहान र स्वास्थ्य सामग्री खरिदमा खर्च बढी छ ।'

उनका अनुसार आर्थिक वर्ष २०७६/०७७ मा क्वारेन्टाइन र आइसोलसनमा ६० लाख बढी खर्च भएको छ । राहत वितरणमा ९४ लाख जति खर्च भएको छ । प्रयोगशाला स्तरोन्नति, औषधि खरिद, एम्बुलेन्स सञ्चालनमा ४० लाख, जोखिम भत्ता ३४ लाख र अन्य विविधमा १४ लाख गरी कुल २ करोड ४३ लाख ५२ हजार बढी खर्च भएको छ । कोभिडको दोस्रो लहर शुरु भएको वैशाखदेखि असारसम्मको तीन महिनामा १ करोड ९४ लाख खर्च



भएको छ । उक्त खर्च रकममा जनसहभागिताबाट ५० लाख जोडिएको छ । दाताबाट उठेको उक्त रकम उपमहानगरपालिकाले अक्सिजन प्लान्ट स्थापनाका लागि खर्च गरेको जनाएको छ ।

अक्सिजन प्लान्ट खरिद र सञ्चालनमा ४९ लाख ९५ हजार र ट्रान्सफर्मर जडानमा ३ लाख ७८ हजार खर्च गरेको छ । शव बाहनमा २० लाख र अन्य भौतिक पूर्वाधार भनिएको शीर्षकमा १७ लाख ८८ हजार खर्च भएको लेखा शाखाले बताएको छ। दोस्रो लहरको बेला बिरामीको उपचार, संक्रमण नियन्त्रण, पीसीआर परीक्षण दर बढाउनेलगायतमा खर्च गर्नुभन्दा धेरै रकम उपमहानगरले कोभिडको नाममा अन्य खर्च गरेको एक जना कर्मचारीले बताए ।

कोभिड रोकथाम नियन्त्रण तथा व्यवस्थापनमा जम्मा ४ लाख १७ हजार खर्च गरेको उपमहानगरपालिकाले विविध खर्चअन्तर्गत करिब ५ लाख खर्च गरेको छ । औषधि खरिदमा २५ लाखको बजेट भए पनि १० लाख ७८ हजारको मात्रै खरिद गरेको लेखा शाखाले जनाएको छ । 'हजारौंको संख्यामा भारतबाट घर फर्कने नेपालीहरूलाई नाकामै स्वास्थ्य जाँच, होल्डिङ सेन्टर निर्माण, क्वारेन्टाइन र आइसोलेसन राख्ने कार्यमा खर्चको प्राथमिकता थियो,' नाम नखोल्ने सर्तमा स्वास्थ्य शाखाका कर्मचारीले भने, 'पहिलोमा राम्रो काम भए पनि दोस्रो लहरमा भने उपमहानगरपालिको ध्यान पुगाउन चाहेन । अरू कार्यमा खर्च बढाए, आवश्यकता भएको भएको ठाउँमा रकम बजेटिङ नै भएन ।' उनले यसै कारण दोस्रो लहर झन खतनाक भएर फैलिएको बताए । राहत कार्यक्रममा ४९ लाख ९९ हजार ९ सय ८८ रुपैयाँ खर्च गरेको धनगढी उपमहानगरपालिकाले सीमा नाकाको व्यवस्थापन, क्वारेन्टाइन र आइसोलेसनमा ७ लाख १४ हजार खर्च भएको जनाएको छ । गेटा मेडिकल कलेजमा राखिएको आइसोलेसन सञ्चालनमा मात्रै धनगढी उपमहानगरले करिब २५ लाख खर्च गरेको छ ।

# दैलेखमा ग्यास र पेट्रोल भएको चिनियाँ टोलीद्वारा पुष्टि

**दैलेख/मस-** चिनियाँ प्राविधिक टोलीले दैलेखमा ग्यास र पेट्रोल भएको पुष्टि गरेको छ। नेपाल र चीन सरकारबीच भएको सम्झौताअनुसार पेट्रोलियम पदार्थको अन्वेषणका लागि गरिएको सेस्मिक सर्भेको प्रतिवेदनले दैलेखमा ग्यास र पेट्रोल भएको पुष्टि गरेको हो। चिनियाँ प्राविधिक टोलीले खानी तथा भूगर्भ विभागलाई पठाएको प्रतिवेदनमा यहाँ ग्यास र पेट्रोल भएको उल्लेख छ ।

चिनियाँ टोलीले प्रतिवेदन पठाएपछि उत्खननका लागि थप प्रक्रिया अघि बढाइएको विभागका भूगर्भविद् डा. सुधीर रजौरेले बताए ।

'सर्भे गरिएको स्थानमा ग्यास र पेट्रोल छ भन्ने प्रमाणित भयो', उनले भने, 'अब कुन भू-भागमा कति परिमाणमा पेट्रोलियम पदार्थ वा ग्यास छ भनेर अन्तिम सर्भे हुनेछ ।' कोरोना भाइरस संक्रमणको कारण देखाउँदै विज्ञ तथा प्राविधिकको टोलीलाई चीन सरकारले आउने अनुमति दिएको छैन । अहिले विज्ञ टोली चीनको प्राकृतिक स्रोत मन्त्रालयको अनुमति कुरेर बसेको उनको भनाइ छ । 'चारवटा क्षेत्रमा गरिएको सर्भेको नतिजा सकारात्मक देखिएको छ', उनले भने, 'टोली आउनासाथ धमाधम काम सुरु हुन्छ ।' दुबै देशका सरकारबीच जीटुजी सम्झौताअनुसार काम सुरु भएकाले यसलाई निरन्तरता पाउने विभागले जनाएको छ । 'विस्तृत सर्भे र ड्रिलिङको काम पनि अहिलेसम्म सकिन्थ्यो होला । कोभिडका कारण झण्डै डेढ वर्ष अन्वेषणको काममा ढिलाइ भएको छ' भूगर्भविद् रजौरेले भने । दैलेखका विभिन्न ठाउँमा २०७६ असोजदेखि अन्वेषणको काम सुरु गरिएको थियो । विभागले श्रीस्थान, पादुका, कोटिला, दैलेख बजार तथा कर्णाली राजमार्ग आसपासका क्षेत्रमा ड्रिलिङको काम सकिएको जनाएको छ ।

करिब १० वर्षअघि पनि दैलेखमा बलेको ग्यासकै कारण नेपालको कुनै भू-भागमा पेट्रोलियम पदार्थ हुनसक्छ भन्दै केही अन्तर ष्ट्रिय कम्पनीले नेपालका विभिन्न १० वटा जिल्लामा अन्वेषण सुरु गरेका थिए । विभिन्न कारणले अन्वेषणका काम हुन नसकेपछि सरकारले सम्झौता रद्द गरेर चीनसँग नयाँ सम्झौता गरेको थियो। तत्कालीन समयमा ७२ लाख बढी अमेरिकी डलर खर्च गरिएको खानी तथा भूगर्भ विभागको तथ्यांकमा उल्लेख छ ।

चार हजार मिटर ड्रिलिङ हुने

अन्वेषणको अन्तिम चरणमा जमिनमुनि चार हजार ५०० मिटर गहिरो ड्रिलिङ गरिने भएको छ । विभागले दिएको जानकारी अनुसार यही ड्रिलिङपछि मात्र कति परिमाणमा ग्यास वा पेट्रोल छ भनेर थाहा हुनेछ । यो काम पहिलो सर्भे गरिएको कुनै स्थानभित्र हुनसक्छ, अहिले स्थान भन्न मिल्दैन खानी तथा भूगर्भ विभागले जनाएको छ ।


## नेपाली तथा UAE लाइट ड्राईभरहरूलाइ UAE को Emirates Taxi Company मा ट्याक्सी चालकलाई रोजगारको अवसर

**कम्पनी: Emirates Taxi** **शहर: ABHU DABI**

पूर्व स्वीकृत मितिः २०७८/०५/०८ चलानी नं.: ६०१६१११८ L.T. No.: 244470 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Taxi Drivers (Light) | 75 | 0 | स. काममा दक्ष | 1500 | ४७,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

१. अन्तर्वार्ता मेनपावर कार्यालय, सामाखुशी, रानीबारी चोक काठमाडौं र होटल दिब्य श्री पोखरा कास्कीमा असोज १ गते (17 Sep. 2021) मा हुनेछ ।
२. अन्तर्वार्ता मेनपावर कार्यालय, सामाखुशी, रानीबारी चोक काठमाडौं र होटल मेरिडियन, राममन्दिर लाईन, बुटवल, रूपन्देहीमा असोज २ गते (18 Sep. 2021) मा हुनेछ ।
३. अन्तर्वार्ता होटल रेड कार्पेट भरतपुर चितवन र होटल दिब्य श्री पोखरा कास्कीमा असोज ३ गते (19 Sep. 2021) मा हुनेछ ।
४. अन्तर्वार्ता मेनपावर कार्यालय, सामाखुशी, रानीबारी चोक काठमाडौं र होटल दिब्य श्री पोखरा कास्कीमा असोज ४ गते (20 Sep. 2021) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. १३२४/०७४/०७५

**STARIS HR SERVICES PVT. LTD.**
Samakhusi-26, Kathmandu, Tel.: 01-4381145, 4365203
Mob.: 9851320076, 9851176848, 9851172289, 9815476362, 9802909595, 9827163906



## दमक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दमक, झापा

**विज्ञापन कर संकलनका लागि बोलपत्र आव्हानका सूचना**

(तेश्रो पटक प्रकाशित मिति २०७८/५/२५)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम दमक नगरपालिकाको आर्थिक ऐन, २०७८ अनुसार यस नगरपालिकाले उठाउन पाउने आ.व. २०७८/७९ देखि ३ आर्थिक वर्षका लागि विज्ञापन कर संकलन गर्ने कार्य बोलपत्र प्रक्रियाबाट बन्दोवस्त गर्न भएको निर्णय अनुसार ईच्छुक फर्म, कम्पनीहरुले नगरपालिकामा प्रकाशित सूचनामा उल्लेखित सेवा शर्तका अधिनमा रही शिलवन्दी बोलपत्र पेश गर्न वा सार्वजनिक बढाबढका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| ठेक्का नं. | विवरण | न्यूनतम ठेक्का अंक (मु.अ.कर सहित रु) | जमानत | बोलपत्र दस्तुर | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र फारम दर्ता गर्ने अन्तिम मिति र स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| DMK/JPA/ADV/03/2078/79 | विज्ञापन कर संकलन | १८,९१,०५५/- | धरौटी ५% | रु.३०००/- | पत्रिकामा सूचना प्रकाशित भएको मितिले ७ दिन सम्म | सूचना प्रकाशित भएको मिति देखि फाराम खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट दिउँसो १२:०० बजे सम्म | प्रत्येक बर्ष कबोल अंकको आधारमा १० % वृद्धि गरी ठेक्का र कम कायम हुनेछ । |

नोट :- अन्य विस्तृत जानकारीका लागि कार्यालयमा सर्म्पक गर्नुहोला ।

## सम्पादकीय

# टरेको होइन खतरा

सरकारले राजधानी उपत्यका सहित देशभर कोरोना विरूद्ध लगाइएको निषेधाज्ञा हटाएको छ । केही छिटफिट गतिविधि सञ्चालनमा आउन नसकेपनि सामान्यतया निषेधाज्ञा हटेको छ । राजधानी उपत्यकामा शैक्षिक क्षेत्र, बजारपसल, सिनेमा हलहरू समेत सञ्चालनमा ल्याएको छ । लामो समयदेखि रोकिएको कलेज तथा विद्यालयहरू भौतिक रूपमा सञ्चालन हुन थालेको छ । यो महिनाको अन्त्यबाट कक्षा १२ लगायतको परीक्षा समेत सञ्चालनमा ल्याउँदैछ । तर कोरोना संक्रमणको खतरा भने उत्तिकै छ । बिहीबार मात्रै कोरोना संक्रमणबाट १४ जनाको मृत्यु भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । मन्त्रालयको रिपोर्टअनुसार, नेपालमा कोरोना संक्रमणबाट ज्यान गुमाउनेको संख्या दश हजार नौ सय नाघेको छ ।

संक्रमण दर पनि हजार भन्दा माथि नै छ । बिहीबार सार्वजनिक २४ घण्टाको रिपोर्टअनुसार, एक हजार २४ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । यो सहित नेपालमा कोरोना संक्रमित संख्या सात लाख ७४ हजार पुगेको छ । उपचारत संक्रमित संख्या अहिले पनि २८ हजार भन्दा माथि छ । अर्थात् गएको माघ देखि शुरू भएको कोरोना विरूद्धको खोप लगाउने कार्य जारी रहेपनि संक्रमणको दर भने उस्तै छ । अझ तेस्रो लहरको कोरोना संक्रमणको अनुमान गरिदै आएको छ । मुलुकले पहिलो र दोस्रो लहरको संक्रमणका कारण ठूलो मानवीय क्षति मात्रै बेहोरेको छैन, मुलुक सामान्यकालमा फर्कने सजिलो देखिएको छैन । किनकि लामो समयको लकडाउन र निषेधाज्ञाका कारण कोरोना अर्थतन्त्र, सामाजिक, सांस्कृतिक, शैक्षिक क्षेत्र नराम्रोगरी प्रभावित बनेको छ ।

तर धमाधम सांस्कृतिक पर्व मनाउने थालिएको छ । केही समय अगाडि महामारी बिर्साउनेगरी गाइजात्रा पर्व मनाइएको थियो । बिहीबार तीजको रौनक उस्तै रह्यो । पशुपतिनाथ खुला नभएपनि तीज मनाउनेको भीड नै देखियो । अझ राजनीतिक गतिविधि उस्तै छ । सरकारको नेतृत्व गरिरहेको नेपाली काँग्रेस तीन महिने महाधिवेशन कार्यतालिकामा व्यस्त छ । देशभर वडा तहको अधिवेशन गरिरहेको काँग्रेसले स्थानीय तह, प्रदेश निर्वाचन क्षेत्र, प्रतिनिधिसभा निर्वाचन क्षेत्र, जिल्ला, प्रदेश हुँदै मंसिरमा दशौं महाधिवेशन गर्दैछ । अन्य दलहरू नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी) लगायतले राष्ट्रिय सम्मेलन गर्दैछ । अतः महामारीको खतरा टरेको जसरी सतर्कता नअपनाउनु भनेको संभावित क्षतिको आमन्त्रण समेत हो । यसतर्फ सरकार सहित सरोकारवाला निकाय सचेत हुन जरूरी छ ।

## सामाजिक सञ्जाल



भारतको सैनिक नेपालको नहर र बाँधमा छन् । नेपालको अभिन्न भूमि लिम्पियाधुरा ओगटेर बसेका छन् । तुइन काट्नेदेखि नेपाली नागरिकलाई पिट्नेसम्म ज्यादती गर्छन् । अब अमेरिकनलाई रेड कार्पेट बिछ्याएर भव्य स्वागत फतिमा मार्फत ! त्यो कालो सुगौली सन्धिदेखि एमसीसी ! नेपाललाई सधैं ठेङ्गा, स्वार्थ नेतृत्वको कारण !

**- निर्मल प्रसाइँ**



कुनै पनि विदेशीसँग कुनै पनि सम्झौता गर्नु अगाडि नेपालभित्र अर्थमन्त्रीको अर्थसल्लाहकार, रक्षामन्त्रीको रक्षासल्लाहकार, परराष्ट्रमन्त्रीको परराष्ट्रसल्लाहकार, उर्जामन्त्रीको उर्जासल्लाहकार आदिको राष्ट्रिय एजेण्डा उजागर हुनुपर्छ । तर छ त ?

**- नवराज पन्त**




जसरी इष्ट इण्डिया कम्पनी तिम्रो व्यापार बढाईदिन्छु, भारतलाई धनी बनाईदिन्छु भन्दै व्यापारका नाममा सानो बनेर भारत छिरेको थियो । त्यस्तै तिमीहरू अविकसित भयौ, साह्रै पिछडियौ, मैँले तिमीहरूलाई समृद्ध बनाईदिन्छु भन्दै अमेरिका एमसीसीमार्फत नेपाल छिर्न खोज्दैछ ।

**- मथुरा ढकाल**



विकास विज्ञ नभेटिएको देशमा एमसीसी विज्ञ धेरै देखिए । श्रीलंकाका राष्ट्रपतिले एमसीसीका बिषयमा बहस चलेपछि देशका सम्मानित विद्धानको नेतृत्वमा गठित समितिको सुझाबअनुरूप एमसीसी देशको हितको प्रतिकूल भनी अस्वीकार गरे । हाम्रोमा अस्वीकार गर्ने हैसियतका नेता नहुँदा लाद्न खोजेको देखिन्छ ।

**- रामकुमार श्रेष्ठ**



दुई पक्षले एमसीसीमा दस्तखत गरेपछि पनि संसदबाट पास गराउनुपर्ने नै रहेछ त, दस्तखत अघिनै त्यो सम्झौता संसदमा छलफल गरी बहुमतको आदेश लिएर दस्तखत गरेको भए विवाद टुङ्गिन्थ्यो । संसद्लाई छलेर दुई देशबीचको सम्झौता दस्तखत गर्ने अधिकार ज्ञानेन्द्र कार्कीलाई कसले दियो ? के यसो गर्न कानुनले दिन्छ ?

**- सुवास आचार्य**

## लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# बार्दलीमा सीमित बनेको ओलीवाद

**सुवासचन्द्र नेम्वाङ अधिवक्तासमेत हुन् तर, ओलीले असंवैधानिक बाटो समाउँदा नेम्वाङले किन रोकेनन ? दुई-दुई पटक संसद विघटन गर्ने ओलीको कदम संविधानले निर्देशित गरे विपरित छ भनेर सम्झाउनेभन्दा पनि ओलीले गरेका निर्णयमा हावामा ताली बजाउनेहरुको भीड बढ्दै जानु नै ओली र सिंगो एमालेका लागि अशुभ रह्यो ।**



● गोविन्द विक

करिब दुईतिहाइ जनमतबाट एकल सरकारको शक्तिशाली प्रधानमन्त्रीको रुपमा सत्तारोहण गरेका नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली अहिले बालकोट बादर्लीमा गाली शास्त्रको रचनामा व्यस्त छन । प्रतिगमनकारी र स्वेच्छातारिको चर्को आलोचना खेपेका ओली अहिले एमालेबाट फाटेर गएकाहरुलाई गाली गर्नमै समय खेर फालिरहेका छन । सत्ताबाट चिप्लिएर प्रमुख प्रतिपक्षको कुर्सीमा पुगेका ओलीलाई गठबन्धन सरकारको कमजोरी फेला पार्नको लागि अस्वस्थ रुपमा उकास्ने काम उनकै अगौटेपछौटेबाट भैरहेको छ भन्दा फरक पर्दैन । एमालेमा अस्वभाविक रुपमा जुन फाटो आयो त्यो फाटोले केन्द्रदेखि प्रदेशसम्म एमाले सरकारमा ठूलै भूँइचालो ल्यायो । एमालेको नेतृत्वमा बनेका सरकारहरु क्षतविक्षत भए । यसले एकातिर एमालेप्रति आस्था राख्नेहरुलाई नराम्ररी मन दुखायो भने अर्कोतिर यसको प्रभाव नेपाली राजनीतिमा नराम्रोसँग परेको छ । ओलीकै सहपाठी अर्थात् सारथीहरुले एमालेभित्र दनकिएको असन्तुष्टीको आगो निभाउनेभन्दा पनि आगोमा घिउ थप्ने काम तिब्र रुपमा गरेको ओलीलाई ख्याल नै भएन । ओली सरकार भत्किने र पार्टीभित्र नै विखण्डनको भ्वाङ परेको अन्तर्यलाई नजिकबाट केलाउने हो भने पार्टीभित्र चरम असन्तुष्टीको आगो झोस्ने काम ओलीकै नजिककाहरुबाट नै भएको थियो भन्ने कुरा सहजै अनुमान लगाउन सकिन्छ ।

> पानी जहाज र रेलको सपना फेल गराउने ओलीकै वरिपरिका हुन भन्ने हेक्का ओली स्वयंलाई थिएन र छैन पनि । आफू पनि भ्रष्टचार नगर्ने र भ्रष्टचार गर्नेलाई पनि माफी नदिने भन्दै हिँडे तर, उनकै सामु करोडौँको किमसन काण्ड हुँदा उनले पत्तो नपाउनुले आम जनतालाई अच्चमीत बनायो ।



अहिले गठबन्धन सरकारलाई बालकोटको बार्दलीबाट गाली शास्त्रको फोहोरा सिंहदरबारतिर फ्याँकेको देख्दा गठबन्धन सरकार तर्सिने अवस्थामा पुग्दैछ । गालीका फोहोरा संसदमा ठोकिँदा त्यसलाई कुन उपायबाट विष्फोट हुने गाली शास्त्रको फोहोरा कसरी मथ्थर पारेर अगाडी बढ्ने भन्ने निकै ठूलो चुनौति गठबन्धन सरकारले महसुस गरेको उसको आलटालबाट थाहा हुन्छ । अघिल्लो ओली सरकारले ल्याएको १५ वटा अध्यादेशको भारी उत्तिकै गह्रौँ भएको छ सरकारलाई भने अन्य विषयमा पनि प्रतिपक्षको समर्थन जुटाउन गठबन्धन सरकारलाई त्यति देखिँदैन । ओलीले रेल, पानी जहाज, घरघरमा ग्याँसको पाइप जोड्ने जुन सपना देखाए त्यो पूरा गर्ने आधारहरु समेत तयार गर्न किन सकिएन ? कुन कारणले आफू असफल मार्गतिर धकेलिदैछु भन्ने कुराको समिक्षा गर्न ओलीले आवश्यक नठान्नु पनि अहिलेको परिणतिको कारण बन्न गयो । तर एउटा साँचो कुरा, ओलीलाई असंवैधानिक मार्गको अध्यारो सुरुङतिर दौडिनका लागि हौसाउने ठूलो जमात ओलीको वरिपरिका हुन भन्ने कुरामा कुनै दुविधा छैन । आफ्नै सारथीहरुका कारण आफू बेकुव बन्दै गएको कुरालाई केपी शर्मा ओलीले बेवास्ता गर्ने भूल गर्दै गए ।

नक्कली मोही खडा गरी सरकारी जग्गा व्यक्तिका नाममा पार्ने ओली आफै थिएनन्, ७० करोड किमसनको बारगेनिङ्ग गर्न ओलीले बाँस्कोटाहरुलाई अह्राएका थिएनन् । ओम्नी समूहको घुस काण्डमा ओलीको संलग्नता थिएन । ओली नेतृत्वमा भएको सरकारको पालामा जति पनि वित्तीय अनुशासनको उल्लंघन भयो त्यो कार्यमा ओलीको संलग्नता देखिएको थिएन । तर आफ्नै वरिपरि बसेकाहरु नै जनअपेक्षा विपरितका काममा दौडिरहँदा ओलीले उनीहरुको बचाउ गर्दै जानु शोभनीय थिएन । दुरदराजका जनता सिटामोलको अभावमा छटपटिरहँदा लाखौ खर्चेर हेलिकप्टरमा केक लिएर जन्मदिन मनाउन ओलीलाई कसले हौसायो ? जुन कामले ओलीप्रति ओट लोप्रयाउनेहरु बढे । पानी जहाज र रेलको सपना फेल गराउने ओलीकै वरिपरिका हुन भन्ने हेक्का ओली स्वयंलाई थिएन र छैन । आफू पनि भ्रष्टचार नगर्ने र भ्रष्टचार गर्नेलाई पनि माफी नदिने भन्दै ओली हिँडे तर, उनकै सामु करोडौँको किमसन काण्ड हुँदा उनले पत्तो नपाउनुले आम जनतालाई अच्चमीत बनायो ।

२०७२ साल असोज ३ गतेका दिन नेपालको संविधान घोषणा हुँदा ओलीका विश्वास पात्र सुवासचन्द्र नेम्वाङ सभामुख थिए । नेम्वाङलाई संविधानको कुन धारामा के व्यवस्था छ ? भन्ने कुरा थाहा नहुने कुरै भएन । नेम्वाङ अधिवक्तासमेत हुन् तर, ओलीले असंवैधानिक बाटो समाउदा सुवास नेम्वाङहरुले किन रोकेनन ? दुई-दुई पटक संसद विघटन गर्ने ओलीको कदम संविधानले निर्देशित गरे विपरित छ भनेर ओलीलाई सम्झाउनेभन्दा पनि ओलीले गरेका निर्णयमा हावामा ताली बजाउनेहरुको भिड बढ्दै जानु नै ओली र सिंगो एमालेका लागि अशुभ रह्यो । जसका कारण ५० औँ वर्ष पार्टीमा सँगै बसेर दुःख गरेका सारथी विछोडिए । एमाले अध्यक्ष केपी ओलीलाई असफल बनाउने ठूलो जमात अहिले पनि ओलीकै वरिपरि फन्को मारिरहेका छन् । आफूलाई अध्यारो सुरुङतिर डोहोऱ्याने आफ्नै वरिपरिका सारथीहरुलाई जबसम्म ओलीले चिन्दैनन् तबसम्म उनले जनतालाई देखाएको सपना पूरा हुन सक्दैन ।

एमालेले जबज अर्थात् जनताको बहुलीय जनवाद सिद्धान्त पारित गरेपछि लगातार सत्तामा रहेको किरब ३ वर्ष भयो । के एमाले जबजअनुसारका कार्यक्रमहरु सरकारमा हुँदा ल्यायो त ? जबज सिद्धान्तमा पार्टीलाई हिँडाउन ओलीका सारथीहरुले कस्तो भूमिका खेले ? यो मुख्य प्रश्न हो । बालुवाटारबाट अदालतले धपाएपछि बालकोटको बार्दलीबाट आफूलाई मननपराउनेहरु प्रति उनले आक्रोश पोखिराखेका छन् । बालकोटको बार्दलीमा गालीशास्त्रको रचना गर्न नेम्वाङहरुले ओलीलाई नहौस्याउने हो भने ओलीले अतितका कमजोरीहरुलाई गहिराइमा पुगेर केलाउने थिए र सरकारप्रति रचनात्मक प्रतिपक्षको भूमिकामा पार्टीलाई दफेदार बनाउनेमा संका थिएन ।

मेडिकल माफियाको रुपमा चौतर्फी आलोचित हुँदै आएका दुर्गा प्रसाईंहरु अहिले पनि ओलीसँगै नाचिरहेका छन । यसरी सर्वत्र आलोचनामा मुछिएकाहरुको संगत ओलीले नछोडेको देखिनु उनीप्रतिको विश्वास कम हुँदै जानु हो । ओलीको स्वइच्छाचारीतालाई रोक्ने हिम्मत दोस्रो तहका नेतामा गनिनेहरुले किन गर्न सकेनन् ? ओलीले गरेका निर्णयहरुलाई ताली बजाएर हौसाउनेभन्दा पनि पार्टीको हितमा छ कि छैन ? के यो निर्णयले जनताको भावना समेटन सक्छ ? पार्टीभित्र भएका निर्णयहरु पार्टीको विधानअनुसार छ कि छैन ? सरकारमा भएका निर्णयहरु संविधानले देखाएको बाटोमा छन कि छैनन् ? आदि विषयहरुमा गहिरिएर ओलीलाई सुझाव दिन उनकै सारथीहरुले आवश्यक ठानेनन् । प्रदेश तथा संघिय सरकारमा एकल बर्चश्व कायम गरेको पार्टी प्रतिपक्षमा पुगेको छ । अचम्म त के छ भने, ओलीले गरेका सबै निर्णयका विरुद्ध पार्टी तथा सरकारमा प्रश्न गर्नै नहुने कुन औषधी सेवन गराइएको थियो उनका सारथीहरुलाई ? सायद यसको बारेमा जनताको चासो हुँदो हो ।

बालकोटबाट गालीका फोहोरा वर्षाएर सरकारलाई ठिक पार्छु भन्ने योजनामा भूलिने कि रचनात्मक प्रतिपक्षको जिम्मेवारपूर्ण भूमिकामा पार्टीलाई उभ्याएर एमालेप्रति गुम्दै गएको जनविश्वास फर्काउनतिर ध्यान दिनुभन्दा पनि सरकारलाई अंकुश लगाउनतिर ओलीलाई हौसाउने जमात बढीरहेको छ । ओलीले एमालेमा आजीवन दुःख गरेर पनि अवसर नपाएकाहरु, विषयवस्तुमा जानकारी राख्नेहरु जनताको अपेक्षालाई केलाएर जनसेवामा समर्पित हुनेहरुलाई मन्त्री बनाउनेभन्दा पनि रुख विरुवाले हामीलाई कार्बनडाइअक्साइड दिन्छ र हामीले रुख विरुवालाई अक्सीजन दिन्छौ भन्ने विद्वानहरुलाई मन्त्रीमा अवसर दिँदै गए । माओवादी केन्द्रबाट अवसरको खोजीमा भौतारिएकाहरुलाई सरकार तथा पार्टीमा मुख्य जिम्मेवारी सुम्पीने कार्यमा ओलीलाई हौँसाउने अरु कोही नभएर ओलीकै वरिपरि फन्को मार्नेहरु नै थिए जो अहिले पनि उनकै वरिपरि घुमीरहेका छन । जसका कारण आफू विफलताको सुरुङतिर धकेलिएको हेक्का ओलीलाई हुनुपर्ने हो तर, भएन । ओलीले अब आफूबाट चोइटिएर गएकाहरुप्रति सत्तो सराप गरेर गठबन्धन सरकारको खेदो खन्नमा भूलिनु जिम्मेवार नेताको हैसियतले पनि शोभनीय हुँदैन । यसकार्यले उनलाई गन्तव्यमा पुग्न निकै कठिन मात्र हुँदैन् जनताको मनबाट टाढिनसमेत बेर नलाग्ने पक्का नै छ ।

# गतिछाडा प्रवृत्ति !

**नेपालको राजनीतिको अस्थिरताको जग अब एमसीसी बनेर आउँदैछ । गठबन्धन सरकारबीचमा मन्त्रालय बाँडफाँडको विषयलाई लिएर तिक्तता बढ्दै गर्दा अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी)की उपाध्यक्ष फतिमा सुमार नेपाल आएकी छिन् । र उनीसँगै नयाँ राजनीतिक किचलोको पनि सुरुवात भएको छ ।**



● खिमराज गिरी

अयोग्य भनेर कसैलाई फालिसकेपछि आफुहरुले योग्यताको छनक त देखाउनु पर्ने होइन र ? फेरि किन आफैंमा जुधाजुध ? हुन त, यसमा प्रायले देउवालाई दोषी चश्माको नजरले हेरेपनि असली रेफ्री त अरु नै छन् र अब तिनको चरित्र देउवाले बुझ्दै जानेछन् । बुझ्नेले त सायद सोल्टी होटेलको ग्यादरिङबाटै थाहा पाइसकेका थिए र त अहिले मन्त्रालयको लागि मारामार परिराखेको छ । फेरि एमसीसीको लागि भित्रि भलाकुसारी पनि उत्तिकै मिलाउनु परेको छ । वास्तवमा नेपालको राजनीतिको अस्थिरताको जग अब एमसीसी बनेर आउँदैछ । गठबन्धन सरकारबीचमा मन्त्रालय बाँडफाँडको विषयलाई लिएर तिक्तता बढ्दै गर्दा अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी)की उपाध्यक्ष फतिमा सुमार नेपाल आएकी छिन् । र उनीसँगै नयाँ राजनीतिक किचलोको पनि सुरुवात भएको छ ।

उपाध्यक्ष सुमारले नेपाल भ्रमणको तयारी गरिरहँदा यसबारेमा नेपाल सरकारले प्रमूख दललगायत गठबन्धन दलकै नेताहरुसँग छलफल तीव्र बनाएको थियो । तर, सत्तारुढ दलभित्रै यसबारेमा मत विभाजन भएको छ भने उता प्रमूख प्रतिपक्ष दलका नेता ओलीलगायत एमालेका नेताहरु पनि यसबारेमा कसरी प्रस्तुत हुन्छन् सबैको चासोको विषय बनेको छ । यदि एमाले पार्टी यो विषयमा फस्यो भने जनताको नजरबाट पनि गिर्ने निश्चितै छ । हामीलाई यो परियोजना चाँहिदैन, आफ्नो देशको विकास गर्न हामी आफैँ प्रयत्न गर्छौं, भनेर केही देशभक्तहरुको आशय प्रकट भइरहँदा यसबारेमा किन जबर्जस्ती उक्त परियोजना लागू गरिदै छ त ? सरकारकै गठबन्धन साँठगाँठभित्र सत्ताको लागि घाँटी जोडिए पनि एमसीसी परियोजना लागू गर्ने विषयमा व्यापक मतैक्यता देखिएकोले कतै यहि एमसीसीको विषयलाई लिएर फेरि पनि राजनीतिमा अर्को उथल पुथल हुने त होइन भन्ने तर्क गर्न थालिएको छ ।

हुन त नेपालको राजनीतिक फाँटमा कुनै सिद्धान्त र वादको पछि नलागी क्षणिक कुर्चीको लोभमा रमाउने नेताको के भरोसा छ र ?

> अहिले लोकतन्त्र, गणतन्त्र जोगाउने नाममा सत्ताको च्याखेमा पर्नको लागि जनताको शक्ति अदालतमा बुझाएर थुपार्ने प्रवृत्तिले उल्टो गणतन्त्र कमजोर अवस्थामा पुगेको छ । यसरी अहिलेको राजनीतिक धरातलको विकृति भनेको : गुट र फुटको राजनीति, आफुले सत्ता पाए ठीक अरुले पाए बेठीक, आफ्नाले पद पाए सबै ठीक अरुकाले पाए लोकतन्त्र धरापमा !

'सिआइए' र 'र' को स्कूलिङमा डोऱ्याइएका सत्ताका लोभीपापीहरुको विश्वास जनताको नजरमा गुमिसकेको छ । आखिर समय समयमा नेता चित्रबहादुर केसीको संघीयता विरोधी आशय ठीकै हो कि जस्तो यस मानेमा पनि हुँदैछ कि, लुम्बिनी प्रदेशमा संविधान विपरित मन्त्रालय दोब्बर बढाउनु, प्रदेशका केहि सांसदहरु गठबन्धनको जोड घटाउमा मन्त्रीको आशले आफ्नै गुँड छोडेर बरालिनु, महंगा र चिल्ला गाडी मोह जाग्नु, पद पाए ठीकै अन्यथा पूरानै घर सम्झिने प्रवृतिले राजनीतिक चरित्रको उदाङ्गो नाच देखापरेको छ ।

अहिले लोकतन्त्र, गणतन्त्र जोगाउने नाममा सत्ताको च्याखेमा पर्नको लागि जनताको शक्ति अदालतमा बुझाएर थुपार्ने प्रवृत्तिले उल्टो गणतन्त्र कमजोर अवस्थामा पुगेको छ । यसरी अहिलेको राजनीतिक धरातलको विकृति भनेको : गुट र फुटको राजनीति, आफुले सत्ता पाए ठीक अरुले पाए बेठीक, आफ्नाले पद पाए सबै ठीक अरुकाले पाए लोकतन्त्र धरापमा ! पद जोगाउन संविधानको पालना गर्नु नपर्ने । विज्ञहरु हरेक क्षेत्रमा पाखा पारिने । सुशारेहरु चाहे ती मूर्ख नै किन नहुन काखा नै राख्नुपर्ने अवस्था देखिन्छ । मन्त्री पदको लागि गोप्य शिलबन्दी दरभाउ पत्रको आव्हान यानेकी, जो बढी बढाउमा जान्छ उसैको लागि प्राप्ति, अरु त के लोकसेवा आयोग । सरकारी कलेज ल संकाएको बि.ए.एल. एल.बि.को इन्ट्रान्स परिक्षामासमेत आफ्ना र अरुका छुट्याउन सक्ने यो मुलुकको हरेक क्षेत्रको गतिछाडा प्रवृत्तिको के कुरा गर्नु ?

